# मानवअधिकारसम्बन्धी प्रमुख नौ महासन्धिहरू

**–जागरण मिडिया सेन्टर**

## १.१ पृष्ठभूमि

मानवअधिकारको इतिहास मानव सभ्यता जत्तिकै पुरानो छ । जङ्गली सभ्यताबाट परिवार, समाज र राष्ट्र हुँदै विकसित मानव जातिको नैसर्गिक अधिकारको अवधारणा सन् १२१५ मा जारी भएको 'म्याग्नाकार्टा'को माध्यमबाट सुरुवात भएको पाइन्छ । त्यसपछि सन् १७८९ को 'मानिसका अधिकारसम्बन्धी फ्रान्सेली घोषणा' र सोही ताकाको अमेरिकन 'बिल अफ राइट्स्' र सन् १८६४ को 'युद्धसम्बन्धी जेनेभा महासन्धि'ले मानवअधिकारको विकासमा महत्वपूर्ण योगदान पुऱ्याए ।[१]

सन् १९३९ देखि १९४५ सम्म भएको दोस्रो विश्व युद्धमा धनजनको ठूलो क्षति हुनुका साथै मानवअधिकारको व्यापक उल्लङ्घन भयो । यसैबीच २४ अक्टुवर १९४५ मा विश्वमा शान्तिको स्थापना गर्ने, मैत्री सम्बन्ध कायम गराउने, राष्ट्र-राष्ट्रबीच आर्थिक, सामाजिक, सांस्कृतिक विकास आदान प्रदान गर्ने उद्देश्य सहित संयुक्त राष्ट्रसङ्घको विधिवत स्थापना भयो । र राष्ट्रसङ्घको बडापत्रले मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय कानुनको विकासका लागि आधारभूमि तय गरिदियो । त्यसपछि १० डिसेम्बर १९४८ का दिन संयुक्त राष्ट्रसङ्घको महासभाले 'मानवअधिकारको विश्वव्यापिघोषणापत्र' जारी गरेपछि विश्वमा मानवअधिकारको संस्थागत विकासको सुरुवात भयो *(सेलर्ड २०६८ : ४)* ।

राष्ट्रसङ्घको पहलमा मानवअधिकारका विविध पक्षलाई समेट्ने गरी विभिन्न दस्तावेजहरू जारी हुँदै आएका छन् । त्यस्ता दस्तावेजहरूमध्ये मानवअधिकारको विश्वव्यापिघोषणापत्र, १९४८ (Universal Declaration of Human Rights-UDHR, 1948), आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार विषयक अनुबन्ध, १९६६ (International Covenant on Economic, Social and Cultural Rights-ICESCR, 1966) र नागरिक तथा राजनीतिक अधिकार विषयक अनुबन्ध, १९६६ (International Covenant on Civil and Political Rights-ICCPR, 1966) ले मानवअधिकारका समग्र पक्षलाई सम्बोधन गरेका छन् । त्यसैले यी दस्तावेजहरूलाई सामूहिक रूपमा "The International Bill of Human Rights" भनिन्छ ।[२]

मानवअधिकारको सवाललाई अझ व्यापक बनाउने उद्देश्यले संयुक्त राष्ट्रसङ्घले संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्च आयुक्तको कार्यालय The Office of the United Nations High Commissioner for Human Rights (UNOHCHR) र पछिल्लो पटक मानवअधिकार परिषद् (Human Rights Council) को स्थापना र विकास गरेको छ ।[३] त्यसैगरी संयुक्त राष्ट्रसङ्घअन्तर्गत नै अनेकन 'सन्धिगत अनुगमन निकाय' र संस्थागत संरचनाहरू पनि स्थापना भएका छन् ।[४] अन्तर्राष्ट्रिय न्यायालयको स्थापना र क्षेत्रीय स्तरमा मानवअधिकारको संरक्षण र सम्वर्द्धनका लागि भएका प्रयासहरूले पनि मानवअधिकारको विकासमा मद्दत पुऱ्याएको छ ।

मानवअधिकारको विकासक्रमकै सिलसिलामा मानवअधिकारलाई पहिलो पुस्ता, दोस्रो पुस्ता र तेस्रो पुस्ताको मानवअधिकार भनी वर्गीकरण गर्ने गरिएको छ । विज्ञहरूले पहिलो पुस्तामा नागरिक तथा राजनीतिक अधिकार, दोस्रो पुस्तामा आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार र तेस्रो पुस्तामा सामूहिक अधिकारलाई राख्ने गरेका छन् । हाल आएर मानवअधिकारको चौथो पुस्ताको रूपमा वातावरणीय अधिकारलाई लिन थालिएको छ ।

## १.२ परिभाषा

मानवअधिकारको विश्वव्यापिघोषणाको धारा १ ले सबै मानिस जन्मदै स्वतन्त्र हुन्छन् र उनीहरूको मान-मर्यादा (प्रतिष्ठा) र अधिकार उपभोग गर्नमा समान हुन्छन् भनेको छ ।[५] मानवअधिकार मानवमात्रको नैसर्गिक एवम् जन्मसिद्ध अधिकार हो । मानवअधिकार हरेक मानिसको जाति, भाषा, धर्म, लिË, राष्ट्रियता, उत्पत्ति, सामाजिक र आर्थिक अवस्था, राष्ट्रियताका आधारमा

---

[१] विद्यालय शिक्षकहरूका लागि मानवअधिकार स्रोत पुतिस्का, राष्ट्रिय मानवअधिकार आयोग, काडमाडौं, २०७० ।

[२] The International Bill of Human Rights, Fact Sheet No. 2 (Rev.1), Page-3. http://www.ohchr.org/Documents/Publications/FactSheet2Rev.1en.pdf, Accessed on 1/18/2017

[३] United Nations General Assembly Resolution No.60/251, 2006.

[४] The United Nations Human Rights Treaty System, An Introduction to the Core Human Rights Treaties and the Treaty Bodies, Fact Sheet, No. 30, page 15-16.

[५] Universal Declaration of Human Rights, 1948, Article 2.

विनाभेदभाव प्राप्त हुने अधिकार हुन् । सामान्य अर्थमा मानवलाई मानव भएका कारणले प्राप्त हुने सबै अधिकार मानवअधिकार हुन् *(सेलर्ड २०६०:३)* ।

मानवअधिकारलाई कसैले खोस्न, नास्न, मास्न वा मानव जीवनबाट छुट्याउन सक्दैन । मानवअधिकारलाई प्राकृतिक अधिकार (Natural Rights) को रूपमा पनि लिइन्छ । मानवअधिकारलाई जुनसुकै विशेषणद्वारा विभूषित गरिएको भए तापनि यो मानिसका लागि मानिस भएर बाँच्न अपरिहार्य अधिकार हो । मानिसको जीवन, मर्यादा, समानता र स्वतन्त्रता मानवअधिकारको संरक्षणका मुख्य क्षेत्र हुन् *(सेलर्ड २०६०: ५)* ।

राष्ट्रिय मानवअधिकार ऐन, २०६८अनुसार "मानवअधिकार" भन्नाले व्यक्तिको जीवन, स्वतन्त्रता, समानता र मर्यादासँग सम्बन्धित संविधान तथा अन्य प्रचलित कानुनद्वारा प्रदान गरिएका अधिकार सम्झनु पर्छ र सो शब्दले नेपाल पक्ष भएको मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धिमा निहित अधिकार समेतलाई जनाउँछ ।[६]

सबै नागरिकले समान रूपमा उपयोग गर्ने अधिकार भएकोले मानवअधिकार सर्वव्यापी (Universal) र समान (Equal) छ । मानवअधिकारलाई छुट्याउन वा विभाजन गर्न नसकिने भएकोले यो अविभाज्य (Indivisible) छ । सबै मानवअधिकार एकअर्काका परिपूरक र अन्तर्सम्बन्धित (Inter-dependent and Inter-related) छन् । शान्ति (Peace), स्वतन्त्रता (Freedom), न्याय (Justice) र समानता (Equality) मानवअधिकारका आधारभूत अË हुन् *(वास्तोला र अरु २०७०)* ।

१.३ **सिद्धान्तहरू**[७] : मानवअधिकारका सिद्धान्त भनेका मानवअधिकार दस्तावेजका सार हुन् । यिनै सिद्धान्तहरूको मनन र अभ्यासका आधारमा मात्र मानवअधिकारको प्रचलन सम्भव छ । निम्न लिखित कुरालाई मानवअधिकारका मूलभूत सिद्धान्तका रूपमा वर्णन गर्ने गरेको पाइन्छ *(चर्मकार र अरु २०७२: पृ. २-४)* ।

**समानताको सिद्धान्त** : यो सिद्धान्तअनुसार कुनै पनि मानिसले उसको जीवन, स्वतन्त्रता, मान-मर्यादा, सुरक्षाजस्ता अधिकारहरूको उपभोग गर्दा विभेद वा असमानता प्रत्यक्ष वा परोक्ष रूपमा भोग्नु वा अनुभूति गर्नुपर्ने अवस्था आउनु हुँदैन । चाहे त्यो मानिस गरिब, नपढेको, गाउँमा बसेको वा बोल्न, हिड्न किन नसकोस् । उसलाई जातजाति, धर्म, लिË, समुदाय, आर्थिक तथा सामाजिक अवस्था, उत्पत्ति, विचार, आस्था वा अन्य कुनै पनि आधारमा विभेद गरिनु हुँदैन । यदि विभेद गरिएमा उसको कानुन बमोजिम न्याय खोज्ने अधिकार हुन्छ ।

**विश्वव्यापकताको सिद्धान्त** : सामान्यतया मानवअधिकारको कुनै भौगोलिक सीमा हुँदैन । यसलाई कुनै पनि देशको सीमाले बाँध्न सक्दैन । विश्वभरमा मानिसले मानवअधिकारको उपभोग समान तरिकाले गर्न सक्छन् । धनी देशमा जन्मेका नागरिकले बढी र गरिवदेशका नागरिकले कम मानवअधिकारको उपभोग गर्न पाउँछन् भन्ने होइन किनकि मानवअधिकार भनेकै जन्मसिद्ध अधिकार हो । कुनै व्यक्तिको पद, प्रतिष्ठा वा सामाजिक, आर्थिक हैसियत भनेको त्यसपछिका कुरा हुन् ।[८] यही सिद्धान्तको आधारमा मानवअधिकारको विषय विश्वव्यापि रूपमा उठाइन्छ । कुनै व्यक्ति वा समुदायको अधिकार उल्लङ्घन भयो भने पीडितले न्यायका लागि राष्ट्रिय स्तरमा मात्र होइन अन्तराष्ट्रिय जगतमा समेत कुरा उठाउन सक्छ । उदाहरणको लागि कुनै विदेशी नागरिकलाई नेपालमा कुटियो वा अपहरण भयो वा महिलामाथि जबरजस्ती करणी भयो भने उसले मानवअधिकारको विश्वव्यापिसिद्धान्तअनुसार सम्बन्धित देशको कानुन वा अन्तर्राष्ट्रिय कानुनअनुसार न्याय पाउने अधिकार राख्दछ ।

**अभिभाज्यताको सिद्धान्त** : एउटा मानिसको जीवन, स्वतन्त्रता, समानता, सुरक्षा तथा विकासको लागि आवश्यक पर्ने न्यूनतम अधिकारहरूको समष्टिगत रूप नै मानवअधिकार हो । मानवअधिकार भनेको कुनै एउटा अधिकारमात्र होइन । उदाहरणको रूपमा सरकारले आफ्ना नागरिकलाई रोजगारी अधिकार दिन्छु तर सङ्गठन खोल्ने अधिकार दिन्न भन्यो भने त्यो मानवअधिकार विपरित हुन्छ ।

**अहस्तान्तरणीयताको सिद्धान्त** : कुनै पनि मानिस जन्मदै स्वतन्त्र हुने हुँदा उसको मानवअधिकार पनि कसैले हरण वा हस्तान्तरण गर्न सक्दैन किनकी मानवअधिकार लिने दिने विषय नै होइन । यो प्रकृति प्रदत्त हो । मानवअधिकारको हरण भयो भने व्यक्तिको

---

[६] दफा २ (च), राष्ट्रिय मानवअधिकार आयोग ऐन, २०६८ ।

[७] थप जानकारीका लागि हेर्नुहोस् http://www.ohchr.org/EN/Issues/Pages/WhatareHumanRights.aspx, Accessed on 1/18/2017

[८] Principle of human rights first: http://www.un.org/en/sections/universal-declaration/foundation-international-human-rights-law/index.html, Accessed on 1/18/2017

जीवन, स्वतन्त्रता, मान-मर्यादालगायत सुरक्षामा समेत दखल पर्ने भएको हुँदा यसलाई अहरणीय हुनु पर्छ भनेर मान्यता बनाइएको हो ।

**अन्तरनिर्भरताको सिद्धान्त** : मानवअधिकारहरू एक आपसमा अडेका हुन्छन् । एउटा अधिकारको उपभोग गरेर अर्को अधिकारको उल्लङ्घन भए पनि केही फरक पर्दैन भन्ने हुँदैन । जस्तो मानिसको प्रगतिको लागि स्वास्थ्यको अधिकार त दिइयो तर शिक्षाको अधिकार भएन भने उसको सर्वाङ्गीण विकास हुन्छ भन्न सकिदैन । उदाहरणका लागि लखनले चुनावमा भोट हाल्ने अधिकार त पायो तर भोट हाल्ने ठाँउसम्म जान उसँग भाडा छैन भने उसको भोट हाल्ने अधिकारको उपभोग गर्न नसकेको देखिन्छ । त्यसैले उसलाई रोजगार दिनु पर्ने हुन्छ । यसरी चुनावमा भोट हाल्ने अधिकार राजनीतिक अधिकार हो भने आर्थिक अधिकारको सुनिश्चितताविना (रोजगार नदिँदासम्म) उसले त्यो अधिकारको प्रयोग गर्न सक्दैन । यसरी फरक फरक अधिकारहरू आपसमा अन्तरनिर्भर हुन्छन् ।

**नैसर्गिकता (जन्मजात) को सिद्धान्त** : मानवअधिकार यस्तो अधिकार हो जुन मानिस जन्मनुपूर्व नै उपभोग गर्न पाउनु पर्छ । र, त्यस्तो अधिकारलाई राज्यले कटौती गर्न पाउँदैन । बरु समय, परिस्थिति र आवश्यकताअनुसार थप गर्दै लैजानु पर्छ । उदाहरणको रूपमा एउटा बच्चाको भ्रूण जब गर्भमा बस्छ त्यसपछि उसको आमाका लागि उपयुक्त खानापान, आराम तथा औषधी उपचारको व्यवस्था गर्नु राज्यको कर्तव्य हुन्छ । किनकी बच्चाको स्वस्थ जन्मलाई सुनिश्चित गर्नु राज्यको दायित्व हो ।

**शान्ति तथा पारस्परिक सहयोगको सिद्धान्त** : मानवअधिकारको पहिलो र अन्तिम उद्देश्य भनेकै मानव समुदायको रक्षा गर्नु हो । यो अधिकारको सुनिश्चित गर्नका लागि हत्या, हिंसा, लुटपाट, अस्थिरता, युद्ध एवं आतङ्कलाई रोक्नु जरुरी हुन्छ । अर्थात मानवअधिकारले शान्ति स्थापना गरेर मात्र मानव समुदायको हित हुन्छ भन्ने मान्यता राख्दछ । यसै सिद्धान्त बमोजिम संयुक्त राष्ट्रसङ्घको नेतृत्वमा विभिन्न देशमा शान्ति स्थापनार्थ नेपाली सेना, प्रहरी जाने गर्छन् भने नेपाललाई विभिन्न देश तथा दातृ निकायहरूले बाटो, पुल, विद्यालय भवन, खाद्यान्न, रोजगार आदिका लागि सहयोग गरिरहेका छन् ।

### १.४ मानवअधिकारसम्बन्धी प्रमुख नौ महासन्धिहरू[९]

१. **आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६** : यो अनुबन्ध एक बहुपक्षीय अनुबन्ध हो, जसलाई संयुक्त राष्ट्रसङ्घीय महासभाले सन् १९६६ को डिसेम्बर १६ तारिखका दिन स्वीकार गरेको थियो । यो अनुबन्धले पक्ष राष्ट्रहरूलाई नागरिकका श्रमसम्बन्धी अधिकार, स्वास्थ्यको अधिकार, शिक्षाको अधिकार, उचित र पर्याप्त बसोवासको अधिकार, पर्याप्त खानाको अधिकार आदि जस्ता आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरू प्रत्याभूत गर्न उत्प्रेरित गर्छ । यो अनुबन्धलाई नेपालले १४ मे १९९१ मा कुनै सर्त नराखी अनुमोदन गरेको थियो । पाँच भागमा अनुबन्धित यो अनुबन्धमा प्रस्तावनाका अतिरिक्त ३१ धारा छन् ।

**अनुबन्धद्वारा प्रदत्त अधिकारहरू**

**(क) आर्थिक अधिकार**

- भोकबाट मुक्त हुने अधिकार
- जीविकोपार्जनका लागि काम गर्न पाउने अधिकार
- आफ्नो इच्छाअनुसार काम छान्न पाउने तथा स्वीकार्ने अधिकार
- काम गर्नका लागि उपयुक्त वातावरणको अधिकार
- उचित ज्याला पाउने अधिकार
- दासत्वबाट मुक्तिको अधिकार
- श्रमिक सङ्गठन खोल्न तथा सङ्गठित हुन पाउने अधिकार
- शान्तिपूर्ण आन्दोलन वा विरोध गर्न पाउने अधिकार
- सम्पत्तिमाथिको अधिकार
- समान कामका लागि महिला-पुरुषमा भेदभाव गर्न नहुने अधिकार

[९] http://www.ohchr.org/EN/ProfessionalInterest/Pages/CoreInstruments.aspx, Accessed on 1/17/2017.

- राष्ट्रको सम्पत्तिको उपभोग गर्न पाउने अधिकार ।

(ख) **सामाजिक अधिकार**

- स्वनिर्णयको अधिकार
- परिवारप्रतिको दायित्वको अधिकार
- उपयुक्त जीवनस्तरमा बाँच्न पाउने अधिकार
- प्रत्येक व्यक्तिको शिक्षा प्राप्त गर्न पाउने अधिकार
- जातीय समानताको अधिकार
- व्यक्तित्व विकासको अवसर पाउने अधिकार
- स्वास्थ्य, सुरक्षा, बिरामीको सुविधा आदि पाउने अधिकार
- सामाजिक सुरक्षा प्राप्त गर्ने अधिकार
- सुत्केरी भएको बेला सेवा पाउने अधिकार
- बाँच्नका लागि आवश्यक पर्ने आधारभूत कुराहरू प्राप्त गर्ने अधिकार
- काम गर्दा घाइते भएको अवस्थामा पाउनुपर्ने सुविधाहरू प्राप्त गर्ने अधिकार
- बालबालिकाहरूले सुरक्षा पाउने अधिकार
- महिला र पुरुषबीच समानताको अधिकार ।

२. **नागरिक तथा राजनीतिक अधिकारको अन्तर्राष्ट्रिय अनुबन्ध,** १९६६ : नागरिक तथा राजनीतिक अधिकारको अन्तर्राष्ट्रिय अनुबन्ध संयुक्त राष्ट्रसङ्घको महासभाबाट सन् १९६६ डिसेम्बर १६ तारिखमा जारी भएको थियो । नागरिक तथा राजनीतिक अधिकारले खासगरी जीवनको अधिकार, धार्मिक स्वतन्त्रता, अभिव्यक्तिको स्वतन्त्रता, भेला हुन पाउने स्वतन्त्रता, निर्वाचनमा सहभागी हुन पाउने अधिकारलगायत स्वच्छ सुनुवाइको अधिकार सुनिश्चित गरेको छ। ६ भाग र ५३ धाराहरूमा अनुबन्धित यो अनुबन्धलाई नेपालले १४ मे १९९१ मा कुनै सर्त नराखी अनुमोदन गरेको थियो ।**अनुबन्धद्वारा प्रदत्त अधिकारहरू**

(क) **नागरिक अधिकार**

- स्वनिर्णयको अधिकार
- भेदभावविरुद्धको अधिकार
- महिला र पुरुषबीच समान अधिकारको सुनिश्चितता
- सङ्कटकालमा पनि मानवअधिकारको सुनिश्चितता
- बन्देज, सीमाङ्कन र नियन्त्रणविरुद्धको अधिकार
- जीवनको अन्तर्निहित बाँच्न पाउने अधिकार
- यातनाविरुद्धको अधिकार
- दासत्वविरुद्धको अधिकार
- स्वतन्त्रता र सुरक्षाको अधिकार
- करारीय दायित्वमा थुनाविरुद्धको अधिकार
- हिँड्डुल गर्ने स्वतन्त्रताको अधिकार
- देश निकालाविरुद्धको अधिकार
- निष्पक्ष न्याय र सुनुवाइको अधिकार
- भूतलक्षित कानुनविरुद्धको अधिकार
- कानुनसमक्ष व्यक्तिको  रूपमा मान्यताको अधिकार
- हस्तक्षेपविरुद्धको गोपनीयताको अधिकार

- परिवारमा रहन पाउने अधिकार
- बालबालिकाको दर्ता र राष्ट्रियताको अधिकार
- जातीय, धार्मिक अथवा भाषिक अल्पसङ्ख्यकको अधिकार
- स्वेच्छाचारी पक्राउविरुद्धको अधिकार
- बन्दीहरूको अधिकार ।

(ख) **राजनीतिक अधिकार**

- विचार, अन्तरमन तथा धार्मिक स्वतन्त्रता
- अभिव्यक्तिको स्वतन्त्रता
- युद्धसम्बन्धी अनर्गल प्रचार तथा धार्मिक वितृष्णा फैलाउने कार्यविरुद्धको अधिकार
- शान्तिपूर्वक सभा-सम्मेलन गर्न पाउने अधिकार
- सङ्घ-सङ्गठन खोल्न पाउने, सङ्गठित हुन पाउने अधिकार
- निर्वाचन तथा सार्वजनिक सेवामा प्रवेशको अधिकार
- विचार, उत्पत्ति, सम्पत्ति तथा जन्मका आधारमा हुने भेदभावविरुद्धको अधिकार
- विरोध गर्न पाउने अधिकार
- आफ्नो मतको प्रचार गर्न पाउने अधिकार ।

**३. अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि,** २००६ : संयुक्त राष्ट्रसङ्घीय महासभाले महासन्धिको सट्टामा सन् १९९३ मा बाध्यकारी नभएको अपाङ्गता भएका व्यक्तिहरूको लागि ‘अवसरहरूमा समानता’सम्बन्धी सर्वमान्य नियमहरू जारी गऱ्यो । सन् २००१ मा महासभाले नै अपाङ्गता भएका व्यक्तिहरूको हक र अधिकारको प्रभावकारी संरक्षण, सम्वर्द्धन र सम्मान हुने गरी विस्तृत महासन्धिको मस्यौदा तयार गर्न एक तदर्थ समिति गठन गऱ्यो । यही तदर्थ समितिले तयार पारेको मस्यौदामा आवश्यक परिमार्जन गरी महासभाले सन् २००६ मा यो महासन्धि जारी गरेको हो । नेपाल यो महासन्धिको सन् २०१० मे ७ देखि पक्षराष्ट्र बनेको छ । यो महासन्धिमा प्रस्तावनाका अतिरिक्त ५० धाराहरू छन् ।

**महासन्धिद्वारा प्रदत्त अधिकारहरू**

यो महासन्धिले अन्य अन्तर्राष्ट्रिय सन्धिहरूले व्यवस्था गरेका मानवअधिकारसम्बन्धी व्यवस्थालगायत अपाङ्गता भएका व्यक्तिमैत्री संरचनाहरूको निर्माणलगायत विशेष रूपमा सम्बोधन गर्नुपर्ने कुरामा जोड दिएको छ । महासन्धिले सुनिश्चित गरेका अधिकारहरूलाई समग्रमा देहायबमोजिम उल्लेख गर्न सकिन्छः-

- नैसर्गिक मर्यादाको सम्मान,
- आफ्ना लागि आफैँ छनौट गर्न पाउने स्वतन्त्रतालगायतका वैयत्तिक तथा व्यक्तिको स्वतन्त्रताको सम्मान,
- अविभेद,
- समाजमा पूर्ण र प्रभावकारी सहभागिता तथा समावेशीकरण,
- मानवीय विविधता साथसाथै मानवीयताको अËको रूपमा अपाङ्गता भएका व्यक्तिहरूको भिन्नताको स्वीकार्यता,
- अवसरहरूमा समान पहूँच,
- पुरूष र महिलाबीच समानता,
- अपाङ्गता भएका बालबालिकाको क्षमताको सम्मान तथा अपाङ्गता भएका बालबालिकाको आफ्नो पहिचानको संरक्षण गर्न पाउने अधिकारको सम्मान ।

**४. बाल अधिकारसम्बन्धी महासन्धि,** १९८९: बाल अधिकारसम्बन्धी महासन्धि एक बहुपक्षीय महासन्धि हो । यो महासन्धि सन् १९९० सेप्टेम्बर २ तारेखका दिनदेखि लागू भएको हो । यो महासन्धिले यसका पक्ष राष्ट्रहरूलाई बालबालिकाको शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा, विचार र अभिव्यक्तिको स्वतन्त्रता, सङ्गठनसम्बन्धी स्वतन्त्रता आदि जस्ता बाल अधिकारहरू प्रत्याभूत गरेको छ । यस महासन्धिलाई नेपालले १४ सेप्टेम्बर, १९९० मा विना शर्त अनुमोदन गरी यो महासन्धिको पक्ष राष्ट्र बनेको हो ।

**महासन्धिद्वारा प्रदत्त अधिकारहरू**

- सामान्यतया १८ वर्ष भन्दामुनिका व्यक्तिलाई बालबालिका मान्दछ
- बालबालिका बाँच्न पाउने अधिकार तथा सम्भव भएसम्म अधिकतम सुविधाहरूको उपभोग गर्ने...धारा ६
- जन्मदर्ता, नाम र राष्ट्रियताको अधिकार। बाबु आमाबाट स्याहार पाउने हक...धारा ७
- बालबालिका इच्छा विपरीत बाबु आमाबाट अलग हुन नपर्ने अधिकार ...धारा ९ (१)
- सीमा वारपार गर्न दिएर परिवारसँगको पुनर्मिलनको अधिकार...धारा १०
- विदेशमा अवैध स्थानान्तरण गर्ने कार्यविरुद्धको अधिकार...धारा ११
- विचारलाई सम्मान गर्ने तथा स्वच्छ सुनुवाईको अधिकार ...धारा १२
- अभिव्यक्तिको स्वतन्त्रता, विचार, सद्विवेक तथा धर्मको अधिकार...धारा १३-१४
- सङ्गठन खोल्ने र शान्तिपूर्वक भेला हुने अधिकार...धारा १५
- गोपनीयता, घर परिवार चिठीपत्र, ख्याति, प्रतिष्ठामा गैरकानुनी हस्तक्षेपविरुद्धको हक...धारा १६
- सामाजिक, आध्यात्मिक र नैतिक क्षेत्रमा विकास गर्ने अधिकार...धारा १७
- बालबालिकाको पालन-पोषणमा बाबा आमा दुवैको साझा दायित्व हुन्छ भन्ने मान्यतामा जोड...धारा १८
- सबै प्रकारको हिंसा र शोषणविरुद्धको संरक्षणको अधिकार ...धारा १९
- पारिवारिक संरक्षणबाट वञ्चित बालबालिकाले विशेष सुविधा एवं संरक्षण पाउने अधिकार...धारा २०
- शरणार्थी बालबालिकाको अधिकार...धारा २२
- शारीरिक तथा मानसिक रूपले असक्त बालबालिकाको अधिकार...धारा २३
- उच्चतम स्वास्थ्य सेवा प्राप्त गर्ने अधिकार...धारा २४
- सामाजिक शिक्षालगायत सामाजिक सुरक्षा प्राप्त गर्ने अधिकार...धारा २६
- धर्म, संस्कृति तथा भाषाको अधिकार....धारा ३०
- आर्थिक शोषण एवं जोखिमयुक्त कार्यविरुद्धको अधिकार...३२
- सबै प्रकारका यौन शोषण एवं यौन दूर्व्यवहारविरुद्ध संरक्षण पाउने अधिकार...धारा ३४
- बालबालिकाको ओसार-पसार एवं बेचविखन र अपहरण विरुद्धको अधिकार...धारा ३५
- यातनालगायत क्रुर अमानवीय व्यवहारविरुद्धको अधिकार...३७ (क)
- बाल सैन्य भर्ना एवं बालबालिकालाई जबरजस्ती वा स्वेच्छाले सशस्त्र सङ्घर्षमा प्रयोग गर्न नपाइने
- यौन दुर्व्यवहार, शोषण, बेचविखन गर्न नपाइने... धारा १ र २ (स्वेच्छिक आलेख)

**५. सबै प्रकारको जातीय भेदभाव उन्मूलन गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि**, १९६५ : सन् १९६० मा संयुक्त राष्ट्रसङ्घीय महासभाले जातीय, धार्मिक वा राष्ट्रिय रूपमा घृणा फैलाउने सबै कार्यको गम्भीर आलोचना गर्दै यस्तो कार्य संयुक्त राष्ट्रसङ्घीय बडापत्र, मानवअधिकारसम्बन्धी विश्वव्यापिघोषणापत्रको विपरीत भएको भन्दै एक प्रस्ताव जारी गऱ्यो। सन् १९६३ नोभेम्बर २० मा संयुक्त राष्ट्रसङ्घीय महासभाले सबै प्रकारका जातीय भेदभाव उन्मूलनसम्बन्धी घोषणापत्र पारित गऱ्यो। र, सन् १९६५ डिसेम्बर २१ मा उक्त मस्यौदालाई महासभाले पारित गरी महासन्धिको रूप दियो। यो महासन्धिको नेपाल ३० जनवरी मे १९७१ देखि पक्षराष्ट्र रहेको छ। यो महासन्धिले 'जातीय भेदभाव भन्नाले राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक वा सार्वजनिक जीवनमा या कुनै क्षेत्रमा जाति, वर्ण, वंश वा राष्ट्रिय वा जातीय उत्पत्तिमा आधारित कुनै पनि भेदभाव, बहिष्कार, प्रतिबन्ध वा प्राथमिकतालाई बुझाउँछ' भनी परिभाषित गरेको छ। महासन्धिमा प्रस्तावनासहित तीन भाग र २५ धारा समावेश छन्।

**महासन्धिद्वारा प्रदत्त अधिकारहरू**

यो महासन्धिले आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ र नागरिक तथा राजनीतिक अधिकारको अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ ले सुनिश्चित गरेका मानवअधिकारका अतिरिक्त देहायबमोजिमका अधिकार सुनिश्चित गरेको छः-

- धारा १ मा "जातीय भेदभाव" को परिभाषा गरिएको छ। जसअनुसार "जातीय भेदभाव" भन्नाले राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक वा सार्वजनिक जीवनका वा अन्य कुनै क्षेत्रमा समानताको आधारमा मानवअधिकार तथा आधारभूत स्वतन्त्रताहरूको मान्यता, उपयोग वा व्यवहार, निषेध वा कमजोर पार्ने उद्देश्य भएको जाति, वर्ण, वंश वा राष्ट्रियता, जातीय उत्पतिमा आधारित कुनै पनि भेदभाव, बहिष्कार, प्रतिबन्ध वा प्राथमिकतालाई सम्झनु पर्छ।"
- धारा ४ मा पक्षराष्ट्रहरू मानवअधिकारको विश्वव्यापिघोषणामा निहित सिद्धान्तमा आधारित भई कुनै एक जाति वा एउटा वर्ण वा सामाजिक उत्पतिका आधारमा उच-नीचको विचार वा सिद्धान्तहरूमा आधारित प्रचार तथा सङ्गठनहरूको निन्दा गर्छन् र यस्तो विभेदलाई न्यूनीकरणका लागि तात्कालिक तथा सकारात्मक उपायहरू (आरक्षण) अपनाउने प्रतिज्ञा गर्छन् । यस महासन्धिले जातीय सर्वोच्चताको सिद्धान्तमा आधारित जातीय भेदभाव वैज्ञानिक दृष्टिले गलत, नैतिक दृष्टिले भर्त्सनीय र सामाजिक दृष्टिले अन्यायपूर्ण भनेको छ। सबै मानव जाति स्वतन्त्र रूपले जन्मन्छन् र प्रतिष्ठा एवं अधिकारमा समान छन् भन्ने सिद्धान्तलाई आत्मसात गरेको छ। जाति, रङ्ग वा जनजातिगत उत्पत्तिको आधारमा गरिने भेदभावलाई यो महासन्धिले राष्ट्रहरूबीच मैत्रीपूर्ण र शान्तिको बाधक मानेको छ।

६. **महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि,** १९७९ : यो महासन्धि संयुक्त राष्ट्रसङ्घको महासभाको १८ डिसेम्बर १९७९ प्रस्ताव नं. ३४/१८० को प्रस्तावबाट पारित भई ३ सेप्टेम्बर १९८१ देखि लागू भएको थियो। नेपाल २२ अप्रिल १९९१ मा पक्ष राष्ट्र भएको थियो। यस महासन्धिमा भएका व्यवस्थाहरू निम्न बमोजिम छन्ः-

- लैÉक विभेद भन्नाले "पुरुष र महिलाहरूको जस्तो सुकै वैवाहिक स्थिति भए तापनि महिलाहरूद्वारा राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, नागरिक तथा अन्य कुनै पनि क्षेत्रमा समानताका आधारमा मानवअधिकार तथा मौलिक स्वतन्त्रताको उपभोग वा प्रयोगमा व्यवधान वा आघात पार्ने उद्देश्य रहेको र लिÉका आधारमा गरिने कुनै पनि विभेद, बहिष्कार वा प्रतिवन्धलाई सम्झनु पर्छ"....धारा १।
- महिला र पुरुषबीच वास्तविक समानता ल्याउन अवलम्बन गरिने विशेष उपायहरू (आरक्षण)लाई भेदभाव मानिदैन र त्यस्तो उद्देश्य पूरा भएको खण्डमा त्यस्ता विशेष उपायहरू पनि बन्द हुन्छन्। राज्यले महिलाविरुद्धको भेदभाव उन्मूलन गर्न तत्काल प्रयाप्त उपायहरू अबलम्बन गर्नुपर्छ ... धारा ४।
- पक्षराष्ट्रले महिला र पुरुषबीचको समानताको सिद्धान्तलाई आफ्नो राष्ट्रिय कानुन र व्यवहारमा लागू गर्ने,
- पक्षराष्ट्रले महिला विरुद्धको भेदभावलाई निषेध गर्न आवश्यक कानुनी व्यवस्था र अन्य उपायहरू अवलम्बन गर्ने,
- राष्ट्रिय न्यायाधीकरण वा अन्य सार्वजनिक निकायमार्फत महिलाको समानताको अधिकारको संरक्षण गर्न आवश्यक कानुनी संयन्त्रको व्यवस्था गर्ने,
- पक्षराष्ट्रले कुनै पनि व्यक्ति, संस्था वा औधोगिक प्रतिष्ठानबाट हुने महिलाविरुद्धको भेदभाव उन्मूलन गर्न सम्पूर्ण उपायहरू अवलम्बन गर्ने,
- पक्षराष्ट्रले महिलाविरुद्धको भेदभावजन्य कानुन, व्यवहार र दण्ड व्यवस्थालाई खारेज गर्ने,
- पक्षराष्ट्रले महिला र पुरुषबीचको उचता वा नीचता दर्शाउने वा प्रथा, परम्परा वा रुढीवादी सामाजिक सांस्कृतिक व्यवहार, चाल चलनमा परिवर्तन ल्याउन पहल गर्ने,
- पक्षराष्ट्रले बालबालिकाको पालन-पोषण एवं शिक्षा-दिक्षामा महिला पुरुष दुवैको साझा दायित्व हो भन्ने कुरालाई सुनिश्चिता गर्ने,
- पक्षराष्ट्रले महिला बेचविखन, यौन शोषणविरुद्ध आवश्यक उपाय अबलम्बन गर्ने,
- पक्षराष्ट्रले राजनीतिक र सामाजिक क्षेत्रमा महिलाविरुद्ध गरिने भेदभावको अन्त्य गर्ने, त्यस्तै शिक्षा, स्वास्थ्य, रोजगार वा आर्थिक क्षेत्रमा महिला अधिकार सुनिश्चित हुने गरी कार्य गर्ने,
- शिक्षा, रोजगार, पारिवारिक तथा आर्थिक लाभ र विकास योजनाको क्षेत्रमा समान अधिकारको प्रत्याभूत गर्ने आदि।

७. **यातना तथा अन्य क्रूर, अमानवीय तथा अपमानजनक व्यवहार वा सजायविरुद्धको महासन्धि,** १९८४ : सबै प्रकारका यातनालाई रोक्ने प्रयोजनका साथ संयुक्त राष्ट्रसङ्घीय महासभाले १० डिसेम्बर १९८४ मा यातना तथा अन्य क्रूर, अमानवीय तथा अपमानजनक व्यवहार वा सजायविरुद्धको महासन्धि, १९८४ जारी गरेको थियो। नेपाल सरकारले यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय विरूद्धको अन्तर्राष्ट्रिय महासन्धि, १९८४ को १४ मे १९९१ मा अनुमोदन गरी पक्ष बनेको

थियो । तर, सन् २००२ डिसेम्बर १८ मा संयुक्त राष्ट्रसङ्घीय महासभाबाट अनुमोदन भएको यस महासन्धिअन्तर्गतको ऐच्छिक आलेखमा भने नेपालले हालसम्म हस्ताक्षर गरेको छैन ।

८. **सबै आप्रवासी कामदार र उनीहरूका परिवारको संरक्षणसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धि**, १९९० : यो महासन्धिले आप्रवासन र मानवअधिकारलाई जोड्ने काम गर्दै आप्रवासी कामदार र उनीहरूका परिवारको अधिकारको संरक्षणका लागि पक्ष राज्यहरूलाई बाध्यात्मक दायित्व सुम्पेको छ। यो महासन्धि १८ डिसेम्बर १९९० मा हस्ताक्षरका लागि खुला भई १ जुलाई २००३ देखि यो लागू भएको हो । महासन्धिले आप्रवासी कामदारहरूको छुट्टै र नयाँ अधिकारहरू सिर्जना गर्दैन बरु यसले उनीहरूका लागि भएका अधिकारहरूको समान रूपमा प्रत्याभूतिको सुनिश्चित गरेको छ।

९. **बलपूर्वक बेपत्ताबाट सबै व्यक्तिको संरक्षणका लागि अन्तर्राष्ट्रिय महासन्धि**, २००६ : बलपूर्वक बेपत्ताबाट सबै व्यक्तिको संरक्षणका लागि अन्तर्राष्ट्रिय महासन्धि संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार दस्तावेजहरूमध्येको नवीनतम एक दस्तावेज हो । संयुक्त राष्ट्रसङ्घीय महासभाले २० डिसेम्बर २००६ मा पारित गरी ६ फेब्रुअरी २००७ देखि हस्ताक्षरका लागि खुला गरेको यो महासन्धि २३ डिसेम्बर २०१० देखि लागू भएको हो। यो महासन्धिमा जम्मा ४५ धाराहरू छन्। हालसम्म नेपाल यो महासन्धिको पक्ष राज्य बनिसकेको छैन।

**१.५ मानवअधिकार र राज्यको दायित्व** : 'भियना कन्भेन्सन'[१०]अनुसार कुनै पक्षराष्ट्र कुनै अन्तर्राष्ट्रिय अनुबन्धको पक्ष बनेपछि उक्त अनुबन्धका व्यवस्था कार्यान्वयन गर्न बाध्य हुन्छ। आफू पक्ष बनेको अनुबन्धले सिर्जना गरेका दायित्वहरू निर्वाह गर्न र त्यस्तो अनुबन्धका व्यवस्थाहरू कार्यान्वयन गर्नका लागि राज्यले घरेलु उपायहरू अवलम्बन गरेको हुनु पर्छ ।

नेपालले मानवअधिकारसँग सम्बन्धित विभिन्न अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूमा हस्ताक्षर गरी अन्तर्राष्ट्रिय समुदायसमक्ष आफ्नो प्रतिवद्धता जनाएको छ। हाल नेपाल विभिन्न २४ अन्तर्राष्ट्रिय सन्धि संझौताहरू तथा प्रतिज्ञापत्रहरूको पक्षराष्ट्र भइसकेको छ *(श्रेष्ठ र अरु २०६८)*।

नेपाल सन्धि ऐन, २०४७ को दफा ९ (१)अनुसार नेपाल पक्ष भएका सबै सन्धि, अभिसन्धि, सम्झौताहरूमा उल्लेख भएका प्रावधानहरूको परिपालन गर्ने गराउने दायित्व नेपाल सरकारको रहेको छ। उक्त ऐनमा नेपाल पक्ष भएका सबै सन्धिहरू नेपालको राष्ट्रिय कानुनसरह हुने तथा राष्ट्रिय कानुन र त्यस्ता सन्धिहरू परस्पर बाझिएमा सन्धिको प्रावधान लागू हुने व्यवस्था गरेको छ। कानुनअनुसार ती प्रावधानहरू कार्यान्वयन गर्ने गराउने सन्दर्भमा आवश्यक कार्यविधि तयार गर्ने, कानुनहरूको निर्माण, संशोधन गर्नुपर्ने नेपालको दायित्व हो।

मानवअधिकारसम्बन्धी कुनै दस्तावेजको पक्ष बनेपछि राज्यका लागि देहायका तीन प्रमुख दायित्व रहेको हुन्छः-

**सम्मान गर्ने दायित्व** : मानवअधिकारप्रति सम्मान व्यक्त गर्दै ती अधिकारको उपभोगको सुनिश्चित गर्ने दायित्व राज्यमा रहन्छ। नागरिकले उपभोग गर्ने मानवअधिकारमाथि राज्यले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा हस्तक्षेप गर्दैन । उदाहरणका लागि राज्यले स्वेच्छाचारी रूपमा विद्यालय, अस्पताल वा अन्य यस्तै सामाजिक सेवामूलक संस्थाहरू बन्द गर्नु वा उपयुक्त कानुनी प्रक्रिया विना कसैलाई जबर्जस्ती ऊ बसोवास गरेको स्थानबाट हटाउनु हुँदैन।

**संरक्षण गर्ने दायित्व** : नागरिकहरूका लागि मानवअधिकारको निर्वाध उपभोगको सुनिश्चितता गर्दै प्रभावकारी नियमन तथा उपचार विधिमार्फत् ती अधिकारको उपभोगमा हस्तक्षेप नहुने कुराको सुनिश्चितता गर्ने दायित्व राज्यको हो। राज्यले नागरिकहरूका लागि मानवअधिकारको निर्वाध उपभोगको सुनिश्चितता गरेको हुनु पर्छ । कुनै व्यक्ति, संस्था, प्रतिष्ठान वा अन्य गैरराज्य पक्ष जस्ता तेस्रो पक्षहरूद्वारा हुने मानवअधिकारको दुरूपयोग वा त्यसको दुरुत्साहन हुन नदिने, यदि त्यस्तो भएको पाइएमा त्यसको अनुसन्धान गर्ने, त्यस्तो कार्यमा संलग्नलाई सजाय दिने तथा त्यसबाट भएको हानीका लागि पीडितलाई न्याय तथा क्षतिपूर्ति प्रदान गर्ने कुराको राज्यले सुनिश्चितता गर्नु पर्छ। उदाहरणका लागि राज्यले कुनै रोजगारदाताको कामदारप्रतिको व्यवहार तथा ती प्रतिष्ठानले कामदारलाई प्रदान गरेका सुविधा र सेवाहरूको पर्याप्तता तथा उपयुक्तताको नियमन र अनुगमन गरेको हुनु पर्छ।

**पूरा गर्ने दायित्व** : मानवअधिकारको प्रवर्द्धन गर्ने, मानवअधिकार उपभोगको पहुँचलाई सहज बनाउने र कुनै कारणवस कुनै व्यक्ति वा समूहले मानवअधिकारको उपभोग गर्न नसक्ने अवस्था सिर्जना भएमा राज्य आफैँले ती अधिकारको प्रवाहका लागि आवश्यक सेवाहरू प्रदान गर्ने राज्यको दायित्व हुन्छ। यस किसिमको दायित्वबाट विशेष गरी सीमान्तीकृत वर्ग तथा जोखिमपूर्ण अवस्थामा

---

[१०] Vienna Convention on the law of treaties, Article 3, Concluded at Vienna on 23 May 1969, https://treaties.un.org/doc/Publication/UNTS/Volume%201155/volume-1155-I-18232-English.pdf, Accessed on 1/18/2017.

रहेका समूह तथा समुदायहरूलाई लाभ मिल्छ। उदाहरणका लागि बृद्धबृद्धा, अपाङ्गता भएका वा अशक्त व्यक्ति, एकल महिला आदिका लागि सामाजिक सुरक्षालाई लिन सकिन्छ।

**१.६ मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय संयन्त्रहरू**

(**क**) **सन्धिमा आधारित संयन्त्रहरू :** संयुक्त राष्ट्रसङ्घले प्रमुख नौ महासन्धिमा आधारित भएर ती सन्धिहरूको पक्ष राष्ट्रहरूले पालना र कार्यान्वयन गरे-नगरेको अनुगमनका लागि नौ वटै सन्धिहरूमा आधारित समितिहरूको व्यवस्था गरेको छ। समितिमा पक्ष राष्ट्रहरूले नियमित रूपमा मानवअधिकारको अभ्यास तथा सन्धिको कार्यान्वयन अवस्थाबारे प्रतिवेदन पेस गर्नु पर्छ। प्राप्त प्रतिवेदनमाथि समितिले अध्ययन गरी मानवअधिकारका सवाललाई सम्बोधन गर्नका लागि पक्ष राष्ट्रहरूलाई सिफारिस गर्छ। यस्ता समितिहरूले कुनै एक पक्षराष्ट्रले महासन्धिअन्तर्गतको आफ्नो दायित्व पूरा गरिरहेको छैन भनी अर्को पक्षराष्ट्रले दाबी गरेमा यसमाथि समेत अध्ययन गरी आवश्यक कदम चाल्न सक्छ। समितिद्वारा सिफारिस गरिएका मानवअधिकारसम्बन्धी सवालहरूलाई पालन गर्नु सम्बन्धित पक्ष राष्ट्रको दायित्व हुन्छ र सोअनुसार राष्ट्रिय नीति तथा कार्यक्रम र कानुनहरू परिमार्जित गर्नुपर्छ *(चर्मकार र अरु २०७२: २७-३२)*। यहाँ नेपाल पक्षराष्ट्र भएका प्रमुख सन्धिमा आधारित संयन्त्रहरूबारे संक्षिप्त जानकारी प्रस्तुत गरिएको छ।

१. **मानवअधिकार समिति** (Human Rights Committee) मानवअधिकार समिति सम्बन्धित पक्ष राष्ट्रहरूले 'नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६'को कार्यान्वयन गरे-नगरेको विषयमा अनुगमन गर्नका लागि गठन गरिएको स्वतन्त्र विशेषज्ञहरूको एउटा अË हो। यस समितिमा अठार सदस्यहरू रहन्छन्। सबै पक्ष राष्ट्रहरूले अनिवार्य रूपमा आफ्नो देशमा मानवअधिकारको अभ्यास तथा कार्यान्वयन अवस्थाबारे सन्धिको पक्ष राष्ट्र भएको मितिले एक वर्षभित्र प्रारम्भिक प्रतिवेदन र प्रत्येक चार वर्षमा नियमित प्रतिवेदन यो समितिमा पेस गर्नु पर्छ। सामान्यतया वर्षको तीन पटक यो समितिको 'सेसन' चल्छ।

२. **सबै प्रकारका जातीय विभेद विरुद्धको समिति** (Committee on Elimination of all from Racial Discrimination-CERD) यो समिति सबै प्रकारका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि, १९६५ को सम्बन्धित पक्ष राष्ट्रहरूले कार्यान्वयन गरे-नगरेको विषयमा अनुगमन गर्नका लागि गठन गरिएको स्वतन्त्र विशेषज्ञहरूको एउटा अË हो। यस समितिमा अठार सदस्यहरू रहन्छन्। सबै पक्ष राष्ट्रहरूले आफ्नो देशमा सबै प्रकारका जातीय विभेद विरुद्धका अभ्यास तथा महासन्धिको कार्यान्वयन अवस्थाबारे सन्धिको पक्ष राष्ट्र भएको मितिले एक वर्ष भित्र प्रारम्भिक प्रतिवेदन र प्रत्येक दुई वर्षमा नियमित प्रतिवेदन समितिमा पेस गर्नु पर्छ। सामान्यतया वर्षको दुई पटक यो समितिको 'सेसन' चल्छ।

३. **आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी समिति** (Committee on Economic, Social and Cultural Rights-CESCR) पक्ष राष्ट्रहरूले आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को कार्यान्वयन सम्बन्धित गरे-नगरेको विषयमा अनुगमन गर्ने कार्य यो समितिले गर्छ। अठार सदस्यहरू रहने समितिमा पक्ष राष्ट्रहरूले सन्धिको कार्यान्वयन अवस्थाबारे पक्षराष्ट्र भएको मितिले एक वर्ष भित्र प्रारम्भिक प्रतिवेदन र प्रत्येक पाँच वर्षमा नियमित प्रतिवेदन समितिसमक्ष पेस गर्नु पर्छ। सामान्यतया वर्षको २ पटक समितिको 'सेसन' चल्छ।

४. **महिलामाथि हुने विभेदविरुद्धको समिति** (Committee on Elimination of Discrimination Against Women-CEDAW) यो समितिले पक्ष राष्ट्रहरूले महिलाविरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रियमहासन्धि, १९७९ को कार्यान्वयनका विषयमा अनुगमन गर्नका लागि स्थापित स्वतन्त्र विशेषज्ञहरूको एउटा अË हो। यस समितिमा २३ सदस्यहरू रहन्छन्। पक्ष राष्ट्रहरूले महिलामाथि हुने विभेद र सन्धिको कर्यान्वयन अवस्थाबारे अनिवार्य रूपमा सन्धिको पक्ष राष्ट्र भएको मितिले एक वर्षभित्र प्रारम्भिक प्रतिवेदन र प्रत्येक चार वर्षमा नियमित प्रतिवेदन यो समितिमा पेस गर्नु पर्छ। सामान्यतया वर्षको दुई पटक समितिको 'सेसन' चल्छ।

५. **बालअधिकारसम्बन्धी समिति** (Committee on Rights of the Child-CRC) यो समिति सम्बन्धित पक्ष राष्ट्रहरूले बालअधिकारसम्बन्धी महासन्धि, १९८९ को कार्यान्वयन गरे-नगरेको विषयमा अनुगमन गर्नका लागि स्थापित स्वतन्त्र विशेषज्ञहरूको एउटा अË हो। यस समितिमा १८ सदस्यहरू रहन्छन्। यस सन्धिको पक्ष राष्ट्र भएको मितिले दुई वर्षभित्र प्रारम्भिक प्रतिवेदन र प्रत्येक पाँच वर्षमा नियमित प्रतिवेदन समितिमा पेस गर्नु पर्छ। सामान्यतया वर्षको दुई पटक समितिको 'सेसन' चल्छ।

६. **यातनाविरुद्धको समिति** (Committee against Turture-CAT) यो समिति सम्बन्धित पक्ष राष्ट्रहरूले यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्डविरुद्धको महासन्धि, १९८४ को कार्यान्वयन गरे-नगरेको विषयमा अनुगमन गर्नका

लागि स्थापित स्वतन्त्र विशेषज्ञहरूको एउटा अङ्ग हो । यस समितिमा १० सदस्यहरू रहन्छन् । पक्ष राष्ट्रहरूले सन्धिको कर्यान्वयन अवस्थाबारे अनिवार्य रूपमा मानवअधिकार समितिमा सन्धिको पक्ष राष्ट्र भएको मितिले एक वर्षभित्र प्रारम्भिक प्रतिवेदन र प्रत्येक चार वर्षमा नियमित प्रतिवेदन समितिमा पेस गर्नु पर्छ । सामान्यतया वर्षको दुई पटक समितिको 'सेसन' चल्छ ।

७. **अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी समिति** (Committee on the Rights of Persons with Disabilites-CRPD) यो समिति सम्बन्धित पक्ष राष्ट्रहरूले अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी महासन्धि, २००६ को कार्यान्वयन गरे-नगरेको विषयमा अनुगमन गर्नका लागि स्थापित स्वतन्त्र विशेषज्ञहरूको एउटा अङ्ग हो । यस समितिमा १८ सदस्यहरू रहन्छन् । सबै पक्ष राष्ट्रहरूले अनिवार्य रूपमा अपाङ्गता भएको व्यक्तिको अधिकारसम्बन्धी अभ्यास तथा कार्यान्वयन अवस्थाबारे यस सन्धिको पक्ष राष्ट्र भएको मितिले दुई वर्षभित्र प्रारम्भिक प्रतिवेदन र प्रत्येक चार वर्षमा नियमित प्रतिवेदन मानवअधिकार समितिमा पेस गर्नु पर्छ । सामान्यतया वर्षको दुई पटक समितिको 'सेसन' चल्छ ।

(ख) **संयुक्त राष्ट्रसङ्घको वडापत्रमा आधारित संयन्त्रहरू**

१. **मानवअधिकार परिषद्** (Human Rights Council-HRC) मानवअधिकार परिषद् संयुक्त राष्ट्रसङ्घ अन्तर्गतको एक अङ्ग हो । संयुक्त राष्ट्रसङ्घको महासभाको १५ मार्च २००६ को प्रशताव नं ६०/२५१ बाट पारित भै मानवअधिकार परिषद्को स्थापना भएको हो । परिषद्ले विश्वव्यापिमानवअधिकारका सवालहरूलाई सम्बोधन गर्नका लागि सम्बन्धित पक्ष राष्ट्रहरूलाई सुझाव दिने काम गर्छ । परिषद्को हरेक वर्ष स्विजरल्याण्डको जेनेभामा बैठक बस्छ । संयुक्त राष्ट्रसङ्घको महासभाले चुनावमार्फत यस परिषदका ४७ जना सदस्यहरूको नियुक्ति गर्छ । यसको गठन पश्चात् 'मानवअधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय आयोग'लाई विस्थापित गरिएको थियो । परिषद् अन्तर्गत मानवअधिकारसम्बन्धी विश्वव्यापिसमीक्षा (Universal Periodic Review), मानवअधिकार परिषद्को विशेष कार्यविधि (Special Procedures of the Human Rights Council), मानवअधिकार परिषद् उजूरी सुन्ने कार्यविधि (Human Rights Council Complaint Procedure) र मानवअधिकार परिषद् सल्लाहाकार समिति (Humun Right Council Advisory Committee) जस्ता संरचनाहरू निर्माण गरिएका छन् र यिनै संरचना मार्फत् विश्वव्यापिमानवअधिकारको अनुगमन गरिन्छ ।

२. **मानवअधिकारसम्बन्धी विश्वव्यापिसमीक्षा** (Universal Periodic Review-UPR) मानवअधिकार परिषद्को स्थापना भएसँगै सुरु भएको 'मानवअधिकारसम्बन्धी आवधिक समीक्षा' एउटा छुट्टै प्रकारको विशेष प्रक्रिया हो । यो प्रक्रियामार्फत् राष्ट्रसङ्घमा आवद्ध देशहरूले हरेक चार वर्षमा मानवअधिकारसम्बन्धी सवालहरूलाई सम्बोधन गर्नका लागि के-कस्ता कार्ययोजना अपनाए ? मानवअधिकारका क्षेत्रमा के-कस्ता उपलब्धिहरू प्राप्त गरे ? मानवअधिकारको क्षेत्रमा के-कस्ता समस्या तथा चुनौतीहरू छन् र ती समस्या तथा चुनौतीहरूलाई सम्बोधन गर्नका लागि कस्तो प्रकारको रणनीतिहरू अवलम्बन गर्दैछन् ? भन्ने प्रतिवेदन पेस गर्छन् । यस प्रक्रियामा सम्बन्धित देशका मानवअधिकारसम्बन्धी क्षेत्रमा काम गर्ने सङ्घ संस्थाहरूले आफ्नोतर्फबाट समेत वैकल्पिक प्रतिवेदन पठाउने गर्छन् । यिनै प्रतिवेदनको आधारमा विश्वव्यापिआवधिक प्रतिवेदन कार्यदल (UPR Working Group) ले समीक्षा गर्छ र आवश्यकताअनुसार विभिन्न देशलाई सिफारिसहरू गर्छ, जुन सिफारिस पालना गर्नका लागि सम्बन्धित देशहरू नैतिक रूपमा बाध्य हुन्छन् ।

३. **मानवअधिकार परिषद्को विशेष कार्यविधि** (Special Procedures of the Human Rights Council) यो कार्यविधि व्यक्तिगत वा समूहगत रूपमा पक्ष राष्ट्रहरूले अवलम्बन तथा अभ्यास गरेका मानवअधिकारसम्बन्धी कार्यहरूको अनुगमन गर्ने विशेष प्रक्रिया हो । यस कार्यविधिअन्तर्गत संयुक्त राष्ट्रसङ्घले निर्धारण गरेका पाँच क्षेत्रबाट एक जनाको प्रतिनिधित्व हुनेगरी पाँच जनाको नियुक्ति गरी पक्ष राष्ट्रहरूको भ्रमण तथा अन्य सूचनाहरूको माध्यमबाट मानवअधिकारको अवस्थाको अवलोकन गरिन्छ । नियुक्त सदस्यहरूको कार्यकाल बढीमा छ वर्षको हुन्छ । संयुक्त राष्ट्रसङ्घीय मानवअधिकारसम्बन्धी उच्च आयोगको सहयोग/सहकार्यमा सदस्यहरूले पक्ष राष्ट्रहरूको भ्रमण, मानवअधिकार उल्लङ्घनका घटनाहरूको सम्बन्धमा सूचना आदान-प्रदान, विषयगत अध्ययन, सम्बन्धित विज्ञहरूसँग राय-सल्लाह र मानवअधिकारसम्बन्धी वकालत र मानवअधिकारसम्बन्धी सचेतना अभिवृद्धि गर्ने कार्यमा सहयोग गर्नुका साथै मानवअधिकारको अवस्थाबारे बार्षिक प्रतिवेदन मानवअधिकार परिषद्मा पेस गर्छन् ।

४. **मानवअधिकार परिषद्को उजुरी सुन्ने कार्यविधि** (Human Rights Council Complaint Procedure) १८ जुन २००७ मा मानवअधिकार परिषद्ले मानवअधिकार उल्लङ्घनका घटनाविरुद्ध उजुरी गर्दा सबै देशका लागि एकरूपता कायम गर्नका लागि उजुरी गर्ने नयाँ प्रक्रियाको स्थापना गरेको थियो । यो प्रक्रियालाई दुई भागमा विभाजन गरिएको छः-

१. सञ्चार कार्य समूह (Working Group of Communication)

२. अवस्था कार्य समूह (Working Group of Situation)

माथि उल्लेखित यी दुई समूहले पक्ष राष्ट्रमा मानवअधिकार उल्लङ्घन भए-नभएको सत्य तथ्य पत्ता लगाई सोअनुसार सूचना आए नआएको छानविन गरी कारवाहीको प्रक्रिया अगाडि बढाउने वा नबढाउने निर्णय गर्छन् ।

**५. मानवअधिकार परिषद् सल्लाहकार समिति** (Humun Right Council Advisory Committee) मानवअधिकार परिषद्को काम-कारवाहीलाई आवश्यक राय सल्लाह तथा निर्देशन दिनका लागि यो संयन्त्रको स्थापना भएको हो । यो संयन्त्रले मानवअधिकारसम्बन्धी विषयगत सवालहरूमा अध्ययन तथा अनुसन्धान गरी मानवअधिकार परिषद्लाई सुझाव सल्लाह प्रदान गर्छ । १८ जना विज्ञहरू सम्मिलित समितिको बैठक प्रत्येक दुई वर्षमा बस्छ । समितिमा विभिन्न पेसा र क्षेत्रमा आवद्ध पाँचवटा संयुक्त राष्ट्रसङ्घीय क्षेत्रीय समूहहरू अफ्रिका (पाँच), एशिया (पाँच), लेटिन अमेरिका र क्यारिबियन (तीन), पूर्वी यूरोप (दुई) र पश्चिमी युरोप (दुई) समूहका पक्ष राष्ट्रबाट प्रस्तावित विज्ञहरूमध्येबाट मानवअधिकार परिषद्ले नियुक्ति गर्छ । सदस्यहरूको कार्यकाल तीन वर्षको हुन्छ ।

**६. संयुक्त राष्ट्रसङ्घका विशिष्ठ निकायहरू**[११]

**अन्तर्राष्ट्रिय श्रम सङ्गठन** : अन्तर्राष्ट्रिय श्रम सङ्गठन संयुक्त राष्ट्रसङ्घ अन्तर्गतको श्रमिकहरूको हक-अधिकारहरूको मुद्दालाई सम्बोधन गर्नका लागि डिसेम्वर १४, १९४६ मा संयुक्त राष्ट्रसङ्घको महासभाबाट विषेश निकायको रूपमा स्थापना गरिएको हो । यो सङ्गठनले श्रमसँग सम्बन्धित मुद्दाहरूलाई सम्बोधन गर्दै सबै कामदारहरूको सामाजिक सुरक्षा तथा काम गर्ने मौकाको सिर्जना गर्ने लक्ष्य लिएको छ । यसका साथै यो सङ्गठनले श्रम सम्बन्धमा अन्तर्राष्ट्रिय स्तरका आचार संहिता तथा नियमहरूको तर्जुमा गरी सबै सदस्य राष्ट्रहरूमा परिपालनाको लागि दवाव सिर्जना गर्छ । यो निकायले श्रमसम्बन्धी विभिन्न श्रमिकहरूको स्तर सुधार, महिला तथा बाल बच्चाको श्रम, श्रम सम्बन्धी तालिम, श्रमसँग सम्बन्धित स्वास्थ्य, सुरक्षा, श्रम सङ्गठनको स्वतन्त्रता तथा बैदेशिक रोजगार सम्बन्धमा श्रम पक्षीय नीति तथा संरचनाहरूको निर्माण गर्छ ।

**अन्य निकायहरू** : संयुक्त राष्ट्रसंङ्घका विशिष्टीकृत निकायहरू संयुक्त राष्ट्रसङ्घअन्तर्गतका स्वायत्त निकाय हुन् । यस्ता निकायहरूलाई संयुक्त राष्ट्रसङ्घीय आर्थिक तथा सामाजिक परिषद्द्वारा प्रमुख कार्यकारी संयोजन बोर्डले अन्तर-सचिवालयस्तरीय संयोजन गर्छ । यस्ता निकायहरू संयुक्त राष्टसङ्घअन्तर्गत स्थापना भएको भए-नभए तापनि राष्ट्रसङ्घको बडापत्रको संयुक्त राष्ट्रसङ्घ आर्थिक तथा सामाजिक परिषद्को धारा ५३ र ५४ द्वारा राष्ट्रसङ्घीय प्रणालीसँग आवद्ध भएका हुन्छन् । हालसम्म संयुक्त राष्ट्रसङ्घ अन्तर्गत १५ वटा विशिष्टीकृत निकायहरू क्रियाशील छन् ।

### १.७ मानवअधिकार उल्लङ्घनको अन्तर्राष्ट्रिय उपचार विधि

अन्तर्राष्ट्रियस्तरको मानवअधिकार उल्लङ्घनको उपचार विधिबारे छलफल गर्नुअघि संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार संरक्षणका संयन्त्रहरूबारे जानकारी लिनु आवश्यक हुन्छ । त्यस्ता संयन्त्रहरू दुई प्रकारका छन् । पहिलो सन्धिमा आधारित संयन्त्र हो । यसलाई महासन्धिमा आधारित निकाय (Treaty based Body) र दोस्रो बडापत्रमा आधारित संयन्त्र (Charter Based Body) हो । यी संयन्त्रबारे हामीले यसअघि नै छलफल गरिसकेका छौ ।

**सन्धिमा आधारित संयन्त्रको काम, कर्तव्य र अधिकारः**

(क) यसले महासन्धिमा व्यवस्था गरिएका अधिकारहरूको कुनै पक्ष राज्यले उल्लङ्घन गरेमा त्यसरी हुने उल्लङ्घनबाट पीडितले पेस गरेको निवेदनमाथि छानविन गरी त्यसको उपचार प्रदान गर्छ । मानवअधिकारसम्बन्धी प्रमुख महासन्धिहरूमा यस किसिमको उपचारविधिबारे उल्लेख गरिएको हुन्छ ।

(ख) यो संयन्त्रअनुसार व्यक्तिले समेत उजुरी दिन सक्छन् । व्यक्तिले महासन्धिअनुसारका समितिसमक्ष मुद्दा लिएर जाने प्रक्रियालाई व्यक्तिगत उजुरीसम्बन्धी कार्यविधि (Individual Complain Procedure) भनिन्छ । यस्तो उजुरी गर्दा मूलतः दुई कुरामा ध्यान दिनुपर्छः पहिलो–उजुरीसँग सम्बन्धित राज्य महासन्धिको पक्ष भई सो राज्यले व्यक्तिगत उजुरी स्वीकार गर्न मञ्जुर गरेको हुनु पर्छ । दोस्रो–उजुरी महासन्धिको निश्चित धारासँग सम्बन्धित हुनु पर्छ ।

(ग) व्यक्तिगत उजुरी लिएर जानुअघि सम्बन्धित राज्यमा उपलब्ध भएको सबै उपचारको विधि अवलम्बन गरिसकेको वा त्यस्तो उपचारको विधि अवलम्बन गर्न सम्भव नभएको एथेष्ट प्रमाण सङ्कलन गर्नु अनिवार्य मानिन्छ । यसप्रकारको व्यक्तिगत उजुरीसम्बन्धी कार्यविधिले उजुरीमा उल्लिखित मानवअधिकारको अवस्थाबारे अनुगमन गर्छ । त्यसरी अनुगमन गर्ने क्रममा

---

[११] List of specialized agencies of the United Nations, https://en.wikipedia.org/wiki/List_of_specialized_agencies_of_the_United_Nations, Accessed on 1/18/2017.

पक्ष राज्यले मानवअधिकारको उल्लङ्घन गरे वा नगरेको सम्बन्धमा छानबिनपछि निश्चित सिफारिस गर्छ । त्यसरी गरेको सिफारिस कार्यान्वयन गर्नु पक्ष राज्यको दायित्व हुन्छ ।

**बडापत्रमा आधारित संयन्त्रको काम, कर्तव्य र अधिकारः**

(क) यो संयन्त्र कुनै निश्चित महासन्धिको परिधिमा सीमित नभई संयुक्त राष्ट्रसङ्घको सदस्य राष्ट्रको समग्र मानवअधिकारको अवस्थाको बारेमा मूल्याङ्कन गर्न स्थापना भएको हो । यो संयन्त्रले महासन्धिको पक्ष नभएको राज्यको पनि मानवअधिकारको उल्लङ्घनको मुद्दा वा मानवअधिकारसम्बन्धी कुनै पनि विषयलाई छानबिनको दायरामा ल्याउन सक्दछ ।

(ख) बडापत्रमा आधारित संयन्त्रअन्तर्गत मानवअधिकार परिषद् पर्छ । परिषद्ले सदस्य राष्ट्रको मानवअधिकारको उल्लङ्घनको मुद्दा वा मानवअधिकारसम्बन्धी कुनै पनि विषयलाई छानबिनको दायरामा ल्याउन विशेष कार्यविधिको व्यवस्था गरेको छ । यो व्यवस्थाअन्तर्गत विशेष प्रतिनिधि वा विशेष र्‍यापोर्टरको रूपमा स्वतन्त्र विज्ञहरूले काम गर्छन् । उनीहरूको काम मानवअधिकारको अवस्थाका बारेमा जाँचबुझ तथा छानबिन गरी प्रतिवेदन परिषद्समक्ष पेस गर्नु हो ।

(ग) संयुक्त राष्ट्रसंघ प्रस्ताव नं. १५०३ अन्तर्गतको कार्यविधिलाई पनि मानवअधिकारको संरक्षणको प्रमुख संयन्त्रको रूपमा लिइन्छ । आर्थिक तथा सामाजिक परिषद्द्वारा सन् १९७० मा स्थापित यो कार्यविधिले मूलुकको समग्र मानवअधिकारको अनुगमन गर्ने र व्यक्तिगत रूपमा परेका मानवअधिकार उल्लङ्घनसम्बन्धी उजुरीमाथि छानबिन गरी परिषद्समक्ष प्रतिवेदन पेस गर्ने कार्य गर्छ ।

◆◆

**सन्दर्भ सामग्रीहरु**

दाहाल, गीताकुमारी । वि.सं. २०६९ । *जातीय विभेद विरुद्धको अधिकार, विषयगत पुस्तिका* । ललितपुरः राष्ट्रिय मानवअधिकार आयोग ।

न्याय प्रशासनको कार्यमा संलग्न कर्मचारीका लागि मानवअधिकार दिग्दर्शन । वि.सं. २०६० । काठमाडौंः कानुन अन्वेषण तथा स्रोत विकास केन्द्र (सेलर्ड) ।

नेपाल अधिराज्यको संविधान । वि.सं. २०४७ । काठमाडौँ : कानुन किताब व्यवस्था समिति ।

नेपालको संविधान । वि.सं. २०७२ । काठमाडौँ : संसद सचिवालय ।

बास्तोला, केशवप्रसाद, श्यामबाबु काफ्ले र कैलाशकुमार सिवाकोटी । वि.सं. २०७० । *विद्यालय शिक्षकहरूका लागि मानवअधिकार श्रोत-पुस्तिका* । काठमाडौंः राष्ट्रिय मानवअधिकार आयोग ।

मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरूको सँगालो । वि.सं. २०६४ । काठमाडौँः कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय ।

Charter of the United Nations, 1945.

Convention on the Elimination of All Forms of Discrimination against Women,' Division for the Advancement of Women: Department of Economic and Social Affairs, © 1997-2007 United Nations.

Domestication of International Obligations, By Dr. A .O. Adede, Chairman & CEO L'etwal International (A Editors: Beman, Gabrielle and Calder bank, Daniel. 2008. The human rights-based approach to journalism: Training manual Viet Nam. Bangkok: UNESCO

Domestication of International Obligations, By Dr. A.O. Adede, Chairman & CEO L'etwal International (A Foundation for Law and Policy for Contemporary Problems).

Human Rights in Development,'© 1996-2002. Office of the United Nations High Commissioner for Human Rights - Geneva, Switzerland.

Human Rights of Indigenous Peoples and Their Relationship to Land, United Nations Economic and Social Council Distr. GENERAL E/CN.4/Sub.2/2000/25, 30 June 2000.

Human Rights Situation of Dalit Community in Nepal, Dalit Civil Society Organizations' Coalition for UPR, Nepal And International Dalit Solidarity Network (IDSN), Submission to the United Nations Universal Periodic Review of Federal Democratic Republic of Nepal for Second Cycle, Twenty Third Session of the UPR, Human Rights Council, 2-13 November 2015.

The International Bill of Human Rights, Fact Sheet, No. 2 (Rev .1).

The Nepal Living Standards Survey (NLSS), 2010.

*The United Nations Human Rights Treaty System, An Introduction to the Core Human Rights Treaties and the Treaty Bodies,* Fact Sheet, No . 30, page 15-16.

UN General Assembly Resolution No .60/251, 2006.

United Nation, Declaration on the Right to Development, A/RES/41/128**,** 4 December 1986.

Universal Declaration of Human Rights, 1948.